# जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नव-प्रवर्तनीय कार्य

## सामुदायिक वातावरणीय प्रहरी सेवा (Community Environmental Policing- CEP)

## प्रस्ताव पत्र, २०८०

### १. जिल्लाको संक्षिप्त परिचयः

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्ला गण्डकी प्रदेश अन्तर्गत नेपालको मध्ये भागमा अवस्थित भित्री मधेश क्षेत्रमा रहेको जैविक विविधता युक्त जिल्ला हो। यो जिल्ला १३३१.१६ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको छ। जिल्लाको पूर्व र दक्षिणमा चितवन जिल्ला रहेको छ साथै दक्षिण तर्फको ५.५ किमी भारतसँग सीमा जोडिएको छ। पश्चिम तर्फ नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र उत्तरमा पाल्पा तथा तनहुँ जिल्ला पर्दछ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लाको जनसंख्या महिला २०१६५९ जना र पुरुष १७९४४६ गरी जम्मा ३,८१,११५ जना रहेको पाईन्छ। यस जिल्लामा स्थानीय सरकारका रुपमा ४ नगरपालिका (गैंडाकोट, देवचुली, कावासोती र मध्यविन्दु) र ४ गाउँपालिका (विनयी त्रिवेणी, हुप्सेकोट, बौदीकाली र बुलिङटार) रहेका छन्। जिल्लाको भौगोलिक संरचना हेर्दा भित्री मधेश, पहाडी र तराई क्षेत्र गरी तीन किसिमको भू-बनोट रहेका कारण जिल्लालाई तीन तले जिल्ला पनि भनिन्छ। जिल्लाका मुख्य नदीहरुमा कालीगण्डकी र नारायणी रहेका छन भने खोलाहरुमा झरही, गिरुवारी, केरुङ्गे, अरुणखोला र विनयी खोला रहेका छन।

### २. सामुदायिक वातावरणीय प्रहरी सेवा कार्यक्रमको अवधारणाः

सामुदायिक वातावरणीय प्रहरी (CEP) वातावरण संरक्षणको लागि समुदायमा आधारित दृष्टिकोण हो। नवलपरासी (ब.सु.पूर्व) जिल्लामा दिन प्रतिदिन बढ्दो जनसंख्या बृद्धि, बसाई सराई, विकास निर्माण, उद्योग कलकारखाना तथा यातायात क्षेत्रबाट वातावरणमा प्रतिकुल गतिविधीका कारण वातावरणमा परिरहेको असर एवम् वातावरण प्रतिकुल क्रियाकलापहरु लाई न्यूनिकरण तथा नियन्त्रण गरी जैविक विविधता संरक्षणमा लाग्नु पर्ने देखिन्छ। वातावरणको क्षयीकरण हुँदा पारिस्थितिक पद्धति असन्तुलित हुन गई यसबाट प्रत्यक्ष रुपमा सम्पूर्ण प्राणी जगतमा प्रतिकुल असर पर्ने देखिन्छ। खास गरेर बाढी, पहिरो, डुबान, भु-क्षय, अनाबृष्टि, अतिवृष्टि लगायतका

अकल्पनीय विपद्हरुबाट जनजीवनमा अस्वभाविक असन्तुलन उत्पन्न हुन गई समग्र विकासको पद्धतिमा नै अवरोध सिर्जना हुन्छ र जसको फलस्वरुप अन्तत्वगत्वा अपराधिक क्रियाकलापहरुमा बढोत्तरी भई शान्ति सुरक्षामा नकारात्मक असर पर्दछ।

नेपाल प्रहरीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वातावरण संरक्षणका गतिविधिहरु जस्तैः कार्यालय सरसफाई, वृक्षारोपण, फोहोरमैला व्यवस्थापन लगायतका विविध गतिविधिहरु गर्दै आएको पाईन्छ, तथापि सोही कार्यहरुलाई थप व्यवस्थित गरी प्रहरीका सबै कार्यालयहरुबाट अभियान संचालन गरी वातावरण संरक्षणको क्षेत्रमा प्रहरी कार्यालयहरुलाई नमूना बनाई नेपाल प्रहरीलाई वातावरण मैत्री संगठनको रुपमा समेत अगाडी बढाउन सकिन्छ। वातावरण संरक्षणको क्षेत्रमा संयुक्त राष्ट्रसंघले प्राथमिकताका साथ अगाडी बढाएको सन्दर्भमा नेपालमा नेपाल प्रहरीले सरोकारवाला निकायहरुसँग समन्वय गरी विभिन्न कार्यक्रम/अभियानहरु संचालन गर्ने तथा प्रहरी कार्यालयहरु वातावरण मैत्री बनाउने, प्रहरी कर्मचारीहरुको व्यवहार वातावरण मैत्री बनाउने, प्लास्टिकजन्य पदार्थको प्रयोग कम गर्ने (Beating Plastic Pollution) र प्रयोग भएका प्लाष्टिकजन्य पदार्थको उचित व्यवस्थापन, प्रदुषण नियन्त्रण लगायतका क्रियाकलाप संचालन गरी वातावरण संरक्षणमा योगदान पु-याउँदा प्रहरी कामकारवाही थप प्रभावकारी हुनुका साथै समाजमा प्रहरी प्रति जनविश्वास बृद्धि हुन्छ। तसर्थ प्रहरीले आफ्ना व्यवहार तथा कार्यालयहरु वातावरण मैत्री बनाई समुदायसँग सहकार्य गरी समाजमा जैविक विविधता संरक्षण र प्लाष्टिक प्रयोग न्यूनिकरणको क्षेत्रमा सचेतना अभिबृद्धि गर्न समुदायको सहभागितामा विभिन्न कार्यक्रमहरु संचालन गर्ने, वातावरण तथा जैविक विविधता संरक्षण र प्रवर्द्धनका बारेमा प्रशिक्षण गरी संरक्षणका क्षेत्रमा स्थानीय नागरिकहरुलाई सक्रिय बनाउने, वातावरण प्रतिकुल गतिविधिमा संलग्नलाई कानूनी दायरामा ल्याउन जिल्ला प्रहरी कार्यालय नवलपरासी (ब.सु.पूर्व) ले '**सामुदायिक वातावरणीय प्रहरी सेवा**' अन्तर्गत असल अभ्यासको रुपमा कार्यक्रमहरु संचालन गर्न यो कार्यक्रम प्रस्ताव गरेको छ।

३. **शिर्षकः सामुदायिक वातावरणीय प्रहरी सेवा (Community Environmental Policing - CEP)**

**४. संचालन मितिः २०८० असार देखि**

५. **लक्ष्य:** नवलपरासी (ब.सु.पूर्व) जिल्लामा रहेका प्रहरी इकाईहरु तथा प्रहरी कर्मचारीहरुको व्यवहार वातावरण मैत्री बनाई सम्पुर्ण समुदायसँग समेत समन्वय गरी वातावरण प्रतिकुल क्रियाकलापमा संलग्नलाई कानूनी दायरामा ल्याउने तथा वातावरण संरक्षण र प्रवर्द्धनका सन्दर्भमा विभिन्न कार्यक्रम संचालन गरी स्वस्थ र सुरक्षित वातावरण सिर्जना गर्नु हो।

## ६. उद्धेश्यः

- प्रहरी इकाईहरु वातावरण मैत्री बनाउने,
- प्रहरी कर्मचारीहरुलाई वातावरण मैत्री प्रशिक्षण गर्ने,
- प्लाष्टिक प्रदुषण नियन्त्रण गर्ने (#Beat Plastic Pollution),
- वातावरण संरक्षणको लागि स्थानीय तह, सरोकारवाला संघ संस्थाहरु र समुयदायसँग समन्वय गरी कार्यक्रमहरु संचाल गर्ने,
- वातवारण प्रतिकुल गतिविधिमा संग्लनहरुलाई कानूनी दायरामा ल्याउने,
- नवलपरासी (पूर्व) मा वातावरण संरक्षणको अभियान संचालन गर्ने,
- समुदायमा वातावरणीय कानून र नियमहरूको पालना भइरहेको सुनिश्चित गर्ने,
- वातावरणीय उल्लङ्घनहरू पहिचान गरी कानूनी दायरामा ल्याउने,
- समुदायका सदस्यहरूलाई वातावरण संरक्षण र संरक्षणको महत्त्व बारे शिक्षित गर्ने,
- समुदाय भित्र दिगो अभ्यासहरू प्रवर्द्धन गर्न, जस्तैः रिसाइकल र फोहोर घटाउने,
- नागरीकको स्वास्थ्य र सुरक्षालाई हानि पुर्‍याउन सक्ने वातावरणीय खतराहरूको अनुगमन र सम्बोधन गर्ने,
- समुदायमा वातावरणीय अवस्था सुधार गर्न अन्य संस्था र सरोकारवालाहरूसँग सहकार्य गर्ने,
- समुदायका नागरीकहरुलाई वातावरण संरक्षण र संरक्षणमा सक्रिय भूमिका खेल्न प्रोत्साहित गर्ने,
- वातावरण तथा जैविक विविधताका सवालहरुको निर्णय प्रक्रियाहरूमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने,
- वातावरणीय समस्याबाट प्रभावित सीमान्तकृत समुदायहरूको अधिकारको वकालत गर्दै सामाजिक र वातावरणीय न्यायको प्रवर्द्धन गर्ने,
- वातावरण संरक्षणमा समुदायको स्वामित्व र जिम्मेवारीको भावनालाई बढावा दिने,

## ७. कार्यक्रमको स्वरुप

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट समुदायमा वातावरण संरक्षण र प्रवर्द्धन गर्नका लागि योगदान पुगोस भन्ने उद्धेश्यका साथ संचालन हुने सामुदायिक वातावरणीय प्रहरी सेवा नामक प्रहरी कार्यक्रममा निम्नानुसार संचालन हुनेछः

- जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी इकाईहरुमा प्लाष्टिक प्रयोगलाई कम गर्ने तथा प्रयोग भएका प्लाष्टिकहरुको उचित व्यवस्थापन गर्ने,
- प्रहरी इकाईहरुको खाली जग्गामा फलफुलका विरुवा लगाउने,
- प्रहरी कर्मचारीहरुलाई वातावरण संरक्षण सम्बन्धमा प्रशिक्षण गरी वातावरण मैत्री व्यवहार विकास गर्ने,
- प्रहरी गस्तीहरुमा तथा सामुदायिक प्रहरीबाट सचेतना कार्यक्रमहरु संचालन गर्ने,
- जिल्लामा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशिल निकायहरुसँग अन्तरक्रिया,
- वातावरण प्रतिकुल क्रियाकलाप भएका स्थानहरुको पहिचान गरी कानूनी दायरामा ल्याउने,
- वातावरण संरक्षणको सन्दर्भमा स्थानीय तहसँग समन्वय, छलफल तथा कार्यक्रम संचालन गर्ने,
- सफा सडक अभियान (Clean Road Initiative) संचालन,
- उद्योग तथा कलकारखानाहरुसँग समन्वय तथा अन्तरक्रिया गरी उद्योगहरुबाट निस्कने फोहोर व्यवस्थापन,
- डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.पूर्व) सँग समन्वय गरी बृक्षारोपण कार्यक्रम संचालन,
- रासायनिक पदार्थ प्रयोगमा न्यूनिकरण गर्ने सचेतना फैलाउने, प्रदुषण नियन्त्रण गर्ने,
- फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहसँग समन्वय गर्ने,
- जैविक विविधता संरक्षण बारे सचेतना अभिवृद्धि गर्ने, संचारमाध्यम हरुबाट प्रचारप्रसार गर्ने,
- वातावरणीय अपराधहरूबारे जनचेतना जगाउने,

- Beat Plastic Pollution, Clean Road Initiative, Green Office, Whole of the Community Action Plan, Holistic Approach को अवधारणामा कार्यक्रम सञ्चालन गर्ने
- सम्भावित वातावरण प्रतिकुल गतिविधिहरु  निगरानी र पहिचान गर्न समुदायमा नियमित गस्तीहरू सञ्चालन गर्ने,
- सेमिनारहरू र सामुदायिक बैठकहरू मार्फत समुदायका सदस्यहरूलाई वातावरणीय मुद्दाहरू र वातावरणीय संरक्षण र संरक्षणको महत्त्वबारे प्रशिक्षण गर्ने,
- फोहोर रिसाइक्लिङ्ग, फोहोर घटाउने, र पानी र ऊर्जाको संरक्षण जस्ता दिगो अभ्यासहरू अपनाउन प्रोत्साहित गर्ने,
- सार्वजनिक स्थानहरूबाट फोहोर र अन्य प्रदूषणहरू हटाउन सामुदायिक सरसफाई कार्यक्रमहरू आयोजना गर्ने,
- वातावरण संरक्षणलाई बढावा दिने नीति र नियमहरूको कार्यान्वयनमा सक्रियताका साथ लाग्ने,
- मानव स्वास्थ्य र सुरक्षा मा पर्यावरणीय खतराहरु को प्रभाव को बारे मा जागरूकता बढाउने,
- वातावरणीय मुद्दाहरूबाट प्रभावित सीमान्तकृत समुदायहरूको अधिकारको वकालत गरेर सामाजिक र वातावरणीय न्यायको प्रवर्द्धन गर्ने,
- समुदायका सदस्यहरूलाई वातावरण संरक्षण र संवर्धनमा सक्रिय भूमिका खेल्न प्रोत्साहित गरेर वातावरणप्रति समुदायको स्वामित्व र जिम्मेवारीको भावना जगाउने
- डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती, चुरे संरक्षण लगायतका कार्यालय तथा संघ संस्थाहरुसँग सहकार्य गरी जिल्लाको समग्र वातावरणीय संरक्षणममा कार्यक्रहरु संचालन गर्ने,

## ८. कार्ययोजनाः

| सि.न. | कार्यक्रम | गतिविधी | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | फोहोरको वर्गिकरण | • प्रहरी कार्यालयबाट दैनिक  रुपमा निस्कने फोहोरलाई कुहिने र नकुहिने छुट्टछुट्टै संकलन गर्ने,<br>• कुहिने फोहोरलाई रिङ व्यवस्थापन गरी कम्पोष्ट मल तयार गरी कार्यालयमा | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |

| | | | | |
|---|---|---|---|---|
| | | लगाईएका फलफुलका बिरुवा र खालि जग्गामा तरकारी लगाई प्रयोग गर्ने,<br>● नकुहिने फोहोरलाई बिक्री गर्न सम्भव भएकालाई विक्री गर्ने र बाँकी रहेको फोहोरलाई नगरपालिका मार्फत व्यवस्थापन गर्ने । | | |
| २ | प्लास्टिकको प्रयोग न्यूनिकरण गर्ने | दैनिक कामकाजको सिलसिलामा प्रयोग हुने प्लास्टिकको प्रयोग कम गर्दै लैजाने र प्रयोग भएका प्लास्टिकको उचित व्यवस्थापन गर्ने, | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ३ | खाली जग्गामा फलफुलका बिरूवा, फुल तथा दुबो लगाउने | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयहरुको खालि जग्गामा फलफुलका बिरुवा तथा फुल लगाउने, लोन बनाउने, पार्किङ, प्रतिक्षालय, खानेपानी तथा सौचालय व्यवस्थित गर्ने, | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ४ | प्रहरी कर्मचारीहरुलाई वातावरण संरक्षण सम्बन्धमा प्रशिक्षण गरी वातावरण मैत्री व्यवहार विकास गर्ने | जिल्ला प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालय सम्म वातावरण संरक्षण ऐन,२०७६ वारे जानकारी, जैविक विविधता तथा वातावरण संरक्षणको उद्धेश्य, महत्व र प्रहरीको भुमिका बारेमा प्रस्तुतिकरण तयार गरी प्रशिक्षण प्रदान गर्ने । | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ५ | प्रहरी गस्तीहरुमा तथा सामुदायिक प्रहरीबाट सचेतना कार्यक्रमहरु संचालन गर्ने | जैविक विविधता तथा वातावरण संरक्षणको परिचय, महत्व, ध्यान दिनुपर्ने कुराहरुबारेमा प्रस्तुतीकरण, ब्रोसर, स्टेण्डी र व्यानर तयार गरी प्रहरीबाट दैनिक रुपमा हुने गस्ती, ग्रामीण गस्ती, जनचेतनामुलक कार्यक्रम, लघु सचेतना कार्यक्रमहरुमा प्रहरी तथा सामुदायिक प्रहरी बाट प्रस्तुती गर्न लगाई सचेतना कार्यक्रम गर्ने । | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ६ | जिल्लामा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशिल निकायहरुसँग अन्तरक्रिया | जिल्लामा वातावरण संरक्षणको क्षेत्रमा क्रियासिल डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती, चुरे संरक्षण, विद्यालय, उद्योग, विकास निर्माण योजनाहरुसँग जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम संचालन गरी वातावारण संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ६ | वातावरण प्रतिकुल क्रियाकलाप भएका | जिल्लाका कुनैपनि स्थानमा वातावरण प्रतिकुल क्रियाकलाप भएको पाईएमा त्यस्ता गतिविधिहरुलाई कानूनी दायरामा ल्याई वातावरण संरक्षण ऐन, २०७६ | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |

| | | | | |
|---|---|---|---|---|
| | स्थानहरुको पहिचान गरी कानूनी दायरामा ल्याउने, | अनुसार प्रकृया अगाडी बडाउने । | | |
| ७ | वातावरण संरक्षणको सन्दर्भमा स्थानीय तहसँग समन्वय, छलफल तथा कार्यक्रम संचालन गर्ने, | जिल्लामा रहेका ८ वटै स्थानीय तह तथा ९२ वटै वडाहरुसँग समन्वय गरी वातावरण संरक्षणको सन्दर्भमा छलफल, अन्तरक्रिया मार्फत विभिन्न कार्यक्रम संचालन एवम् संयुक्त संयन्त्र विकास गरी अनुगमन गर्ने तथा फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहसँग समन्वय गर्ने | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ८ | सफा सडक अभियान संचालन, | Clean Road Initiative अवधारणामा रही सडक सरसफाई सम्बन्धि विभिन्न अभियान संचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ९ | उद्योग तथा कल कारखानाहरुसँग समन्वय तथा अन्तरक्रिया गरी उद्योगहरुबाट निस्कने फोहोर व्यवस्थापन | उद्योग तथा कलकारखानाहरुबाट निस्कने फोहोरमैला व्यवस्थापनको लागि अन्तरक्रिया, छलफल तथा अनुगमन गरी उचित व्यवस्थापन गर्न लगाउने । | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १० | डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.पूर्व) सँग समन्वय गरी बृक्षारोपण कार्यक्रम संचालन | डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.पूर्व) सँग समन्वय गरी प्रहरीको खालि जग्गाहरुमा तथा अन्य स्थानमा रहेका खालि जग्गाहरुमा समेत बृक्षारोपण कार्यक्रम संचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| ११ | रासायनिक पदार्थ प्रयोगमा न्यूनिकरण गर्ने सचेतना फैलाउने | तरकारी तथा अन्य बालिनालिमा बढ्दो रासायनिक पदार्थको प्रयोगको सन्दर्भमा विभिन्न सचेतनामुलक सामाग्री तयार गरी संचार माध्यमहरुबाट सचेतना फैलाउने । | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १२ | प्रदुषण नियन्त्रण गर्ने | विभिन्न किसिमका प्रदुषणहरु (फोहोरमैला, धुवा धुलो, ध्वनी) नियन्त्रण गर्न अभियानहरु संचालन गर्ने साथै सम्बन्धित पक्षहरुसँग समन्वय गर्ने । | जिल्ला प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १३ | जैविक विविधता संरक्षण | जैविक विविधता संरक्षण सम्बन्धि जनचेतनामुलक सामाग्रीहरु तयार गरी | जिल्ला प्रहरी कार्यालय नवलपरासी | |

| | | | | |
|---|---|---|---|---|
| | बारे सचेतना अभिवृद्धि गर्ने, संचारमाध्यमहरुबाट प्रचारप्रसार गर्ने, | प्रहरीको अनुरोधमा संचार माध्यमहरुबाट प्रचार-प्रसार गर्न लगाउने । | (पूर्व) | |
| १४ | सम्भावित वातावरण प्रतिकुल गतिविधिहरु निगरानी र पहिचान गर्न समुदायमा नियमित गस्तीहरू सञ्चालन गर्ने | वातावरण प्रतिकूल गतिविधिहरु भएका स्थानहरुबारे सुचना संकलन तथा पहिचान गरी त्यस्ता स्थानहरुमा प्रहरी निग्रानी तथा गस्ती बढाई सचेतना कार्यक्रम संचालन तथा अवैध गतिबिधि नियन्त्रणमा लिने । | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १५ | समुदायका सदस्यहरूलाई वातावरणीय मुद्दाहरू र वातावरणीय संरक्षण र संरक्षणको महत्त्वबारे प्रशिक्षण गर्ने, | समुदाय प्रहरी साझेदारीको अवधारणा अनुसार गठन भएका विभिन्न समितिका सदस्यहरुलाई जैविक विविधता तथा वातावरण संरक्षणका बिषयहरुमा प्रशिक्षण कार्यक्रम तथा अन्तरक्रिया गरी वातावरणीय मुद्दाहरू र वातावरणीय संरक्षण र संरक्षणको महत्त्व र भुमिकाबारे प्रशिक्षण गर्ने, | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १६ | सार्वजनिक स्थानहरूबाट फोहोर र अन्य प्रदूषणहरू हटाउन सामुदायिक सरसफाई कार्यक्रमहरू आयोजना गर्ने | विभिन्न संघ संस्थाहरु, क्लव, आमा समुह, विद्यालय, उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाहरुसँग समन्वय गरी सार्वजनिक स्थलहरु सरसफाई तथा प्रदुषण नियन्त्रण सम्बन्धी रचनात्मक कार्यक्रमहरु संचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १७ | जिल्ला स्तरमा संयन्त्र तयार गर्ने | वातावरण संरक्षको सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरमा जैविक विविधता तथा वातावारण संरक्षण समिति तयार गरी वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु संचालन, सबै कार्यालयहरुलाई वातावरण संरक्षणमा उत्तरदायी बनाउने तथा वातावारण संरक्षणको सन्दर्भमा उत्कृष्ट कार्य गर्ने कार्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |
| १८ | अन्य गतिविधि | • वातावरण संरक्षणलाई बढावा दिने नीति र नियमहरूको कार्यान्वयनमा सक्रियताका साथ लाग्ने, | जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) | |

| | | | | |
|---|---|---|---|---|
| | | • मानव स्वास्थ्य र सुरक्षामा पर्यावरणीय खतराहरु को प्रभाव को बारे मा जागरूकता बढाउने,<br>• वातावरणीय मुद्दाहरूबाट प्रभावित सीमान्तकृत समुदायहरूको अधिकारको वकालत गरेर सामाजिक र वातावरणीय न्यायको प्रवर्द्धन गर्ने,<br>• समुदायका सदस्यहरूलाई वातावरण संरक्षण र संवर्धनमा सक्रिय भूमिका खेल्न प्रोत्साहित गरेर वातावरण प्रति समुदायको स्वामित्व र जिम्मेवारीको भावना जगाउने। | | |

९. **स्रोत व्यवस्थापन:** स्थानीय तह, सरोकारवाला निकायहरु र जिल्ला प्रहरी कार्यालय नवलपरासी (ब.सु.पूर्व) को आन्तरीक श्रोतबाट गरिनेछ।

१०. **भावी योजना:** यस्तै प्रकृतिका अन्य असल अभ्यसाहरु संचालन गर्ने साथै अन्तर्राष्ट्रिय स्तर र अन्यत्र प्रहरी कार्यालयहरुबाट भएका असल अभ्यासहरुको अनुशरण गर्ने योजना रहेको छ। साथै भविष्यमा वातावरण संरक्षणका लागि गृह मन्त्रालय र वन मन्त्रालयले संयुक्त रुपमा कार्यक्रमहरु अगाडी बढाई वातावरण संरक्षण मार्फत जैविक विविधताको संरक्षण गर्दै बढ्दो वातावरणीय क्षयीकरणलाई रोकी अपराधिक गतिविधि नियन्त्रण गर्न सहयोगी हुनेछ।

**मिति: २०८० असार १० गते।** **जिल्ला प्रहरी कार्यालय नवलपरासी (ब.सु.पूर्व)**